चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ
☎फोन नं.: ०६६- ४४०१७०
फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np
गण्डकी प्रदेश, नेपाल

## मिति २०७६।०३।२५ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल हुँदा मिति २०७५।०९।०५ गते जिल्ला समन्वय समिति, मनाङ मार्फत हस्तान्तरण भएको चामे गाउँपालिका वडा नं. ४, नयाँबजारमा निर्माणाधिन बहुउद्देशीय भवनको निर्माण कार्यको ठेक्का सम्बन्धमा निर्माण व्यवसायी मृत सञ्जिवनी-खड्का कृष्ण-द क्याराभान जेभीलाई चौथो रनिङ बिल भुक्तानी भएपश्चात सम्पर्कमा नआएको सम्बन्धमा स्पष्टीकरण माग गरिएकोमा सोको प्रतिवेदन प्राप्त भई व्यहोरा अवगत भयो । निर्माण व्यवसायीको प्रतिवेदन अनुसार रनिङ बिल भुक्तानी लिनासाथ केही समय अन्य स्थानको निर्माण कार्यमा व्यस्त हुनु परेको र त्यस पश्चात लगतै चामेमा भारी हिमपात परी विपद् आई बाटोघटो समेत अवरुद्ध भएकोले निर्माण कार्य ढिला भएको र बाटो सुचारु भएपछि निर्माण कार्यलाई तीव्रता दिन लागेकोले कार्यालयमा समेत आउन समय नभएको हुँदा असार २५ गतेसम्म ठेक्काको म्याद थप गरिदिन समेत अनुरोध भई आएको र निर्माण कार्यपनि सम्पन्न गरेको भनी प्रतिवेदन दिएको हुँदा निर्माणाधिन भवनको प्राविधिक सहित जनप्रतिनिधिले स्थलगत अवलोकन गरी सम्पूर्ण कार्यको प्राविधिक मूल्याङ्कन गराउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल हुँदा जिल्ला समन्वय समिति, मनाङ मार्फत हस्तान्तरण भएको बहुउद्देशीय भवनको निर्माण कार्यको कार्य प्रगती, प्राविधिक नापजाँच, मूल्याङ्कन गर्ने, सम्झौता बमोजिमका सम्पूर्ण कार्य सम्पन्न भएमा माग अनुसारको म्याद थप गरी, मिति २०७५।०७।०२ गतेको गाउँ कार्यपालिकाको बैठकले थप कार्यको भेरियशन स्वीकृत भए अनुरुपको कार्यको समेत मूल्याङ्कन गरी अन्तिम बिलको भुक्तानी दिने र निर्माण व्यवसायी मृत सञ्जिवनी-खड्का कृष्ण-द क्याराभान जेभीबाट हस्तान्तरण हुने निर्माण सम्पन्न बहुउद्देशीय भवनलाई स्वीकार गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल हुँदा साविकको जिल्ला विकास समिति, मनाङ्ग मार्फत यस गाउँपालिकामा स्थानीयकरण भएको सामाजिक परिचालक सहितको सामुदायिक विकास कोषलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने, पाँचै वडामा रहेका समूहलाई सामाजिक परिचालनका माध्यमबाट सक्रिय बनाउने, कोषमार्फत परिचालित ऋण पूँजी एवं बीउ पूँजीलाई समुदायको हक हित, समान लाभ र भलाई हुने गरी कार्यक्रम सञ्चालन गर्ने । यस कार्यक्रमलाई सञ्चालन गर्न आवश्यक पर्ने कार्यविधि तयार गर्ने । सामाजिक परिचालक सहायक चौथो तह एक जना र कार्यालय सहयोगी एक जनालाई यसै कोष मार्फत पारिश्रमिक उपलब्ध गराउने गरी सेवा करार गर्ने ।चालु आ.व. २०७५/७६ मा चामे गाउँपालिकाको गाउँपालिकास्तरीय आयोजनाहरु तथा कार्यक्रमको खर्च शीर्षक २२५२२ सामुदायिक विकास कार्यक्रम तर्फ रु. ४ लाख विनियोजन गरिएको रकमलाई सामुदायिक विकास कोषमा ट्रास्फर गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल हुँदा चामे गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७६।०२।१० गतेको बैठकको निर्णय नं. ३ अनुसार गाउँ कार्यपालिकाको कार्यालयले चामे सिटी हल र चामे बसपार्कको लागि नियमानुसार जग्गा खरीद प्रकृया अघि बढाउने निर्देशन बमोजिम सिटी हलको लागि रु. ४५,७५,०००.०० र बसपार्कको लागि रु. १,०७,१०,०००.०० गरी जम्मा रकम रु. १,५२,८५,०००.०० बजेट, खर्च शीर्षक ३१४११ जग्गा प्राप्तिमा चालु आ.व.मा खर्च नभई बचत हुने रकम र विकास निर्माणमा कट्टी गरिएको कन्टेन्टजेन्सी रकमबाट भुक्तानी दिने निर्णय गरियो ।